मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्खावाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

च.नं.:
प.सं. २०८२/०८३

नेपाल सम्वत् ११४६, कछलाथ्व अष्टमी
मिति:-२०८२/०७/१३

## शिलवन्दी दरभाउ आव्हानको सूचना

**(दोश्रो पटक प्रकाशित मिति:-२०८२/०७/१३)**

१.यस मालिका गाउँपालिकाबाट आर्थिक बर्ष २०८२/०८३ को अवधिको लागि तपसिल बमोजिमको स्थानमा ढुङ्गा गिटी वालुवा लगायतका नदीजन्यय पदार्थहरुको निकासी कर संकलन गर्न ठेक्का वढावढ द्वारा वन्दोवस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इन्छुक व्यक्ति फर्म संस्था वा कम्पनिहरुले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही शिलवन्दी दरभाउपत्र पेश गर्नु हुन सूचित गरिन्छ।

२.यो सूचना प्रकाशन भएको मितिले ७ औ दिन सम्म शिलवन्दी दरभाउपत्र फाराम यस कार्यालयमा सम्बन्धित आपूर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अध्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजत पत्र,अध्यावधिक नविकरण फर्म, संस्था वा कम्पनीको दर्ताको प्रमाण पत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाण पत्र, स्थायी लेखा नं. को प्रमाणित प्रतिलिपी,आ.ब.२०८१/०८२ सम्मको कर चुक्ता प्रमाण पत्र, नियमानुसारको तपसिलमा उल्लेखित सिलवन्दी दरभाउ पत्र दस्तुर ग्लोबल आइएमई बैंक,अर्खाबाङ्ग कार्यालयमा रहेको आन्तरिक राजश्व खाता नं.ग१-१-३६००४०१००००००६ मा जम्मा गरी भौचरसाथ निवेदन पेश गरेपछि नियमानुसार छुट्टाछुट्टै शिलवन्दी दरभाउ पत्र फाराम यस कार्यालयबाट उपलब्ध गराइनेछ।

३.सिलवन्दी पत्र ८ औ दिनको १२ बजेसम्म पेश गरिसक्नु पर्ने छ र सोही दिनको ठिक १ बजे मालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अर्खावाङ्ग गुल्मीमा सिलवन्दी दरभाउपत्र खोलिने छ।

४.सिलवन्दी दरभाउ पत्र साथ कुल कबोल गरेको अङ्कको ५ प्रतिशत धरौटी रकम मालिका गाउँपालिकाको ग्लोवल आ.इए.म.ई. शाखा कार्यालय अर्खावाङ्ग गुल्मीमा रहेको धरौटी खाता नं.-३६००४०१००००००४ मा जम्मा गरेको सक्कल वैंक भौचर पेश गर्नु पर्नेछ। साथै वैक ग्यारेन्टी समेतलाई मान्यता दिईनेछ।

५.कबोल गरेको रकम अङ्क र अक्षरमा स्पस्ट लेखु पर्नेछ। रित नपुगी वा म्याद नाघी आएको शिलवन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिनेछैन।
६.शिलवन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस गाउँपालिकामा निहित रहनेछ।

७.शिलवन्दी दरभाउ पत्र स्वीकृत भए पश्चात ठेक्का सम्झौता गर्नु पूर्व प्रथम किस्ता वापत ५० प्रतिशत रकम दाखिला गर्नु पर्नेछ। बाँकी किस्ताको लागि वैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ
८. नियमानुसार लाग्ने सम्पूर्ण कर फर्मले व्यहोर्नु पर्नेछ।
९.ठेक्काका शर्तहरु शिलवन्दी दउभाउपत्रमा तोकिए बमोजिम हुनेछ।
१०. यस सूचनामा नपरेका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

थप जानकारीको लागि ९८५७०६७९०६ मा सम्पर्क गर्नुहुन।

| ठेक्का नं. | ठेक्काको विवरण | इकाइ | उत्खनन गर्न सकिने परिमाण घनमिटरमा | न्यूनतम ठेक्का अङ्क मु.अ.कर बाहेक | टेन्डर दस्तुर |
|---|---|---|---|---|---|
| OMRM-GUL-SQ-25-082/83 | हुलखोला क्षेत्रमा पर्ने नदीजन्य पदार्थ विक्रि वितरण | घ.मी. | १६० | ३३९०१.०० | १००० |
| OMRM-GUL-SQ-26-082/83 | डाडाँखेत वडार हाइड्रोपावर निस्तिखोला क्षेत्रमा पर्ने नदी जन्य पदार्थ विक्रि वितरण | घ.मी. | १३२ | २७९६९.०० | १००० |
| OMRM-GUL-SQ-27-082/83 | सिस्नेरीघट निस्तिखोला क्षेत्रमा पर्ने नदीजन्य पदार्थ विक्रि वितरण | घ.मी. | १४४ | ३०५११.०० | १००० |

निमित प्रमुख प्रशासकीय अधिकृत